# TCP-PIAT समाचार

## तराई सिंचित कृषि प्रवर्द्धन प्राबिधिक सहायता परियोजना

"पानीको अधिकतम उपयोग, बजारमुखी उत्पादनमा जोड"

*अंक-५* *पुष-माघ, २०८०*



*शाखा नहर समिति-०८ द्वारा गौरीगंज-१ मा आयोजित बिस्तारित साइटको आरम्भ भएको घोषणा बैठक*



*TCP-PIAT द्वारा आयोजित ५ दिने अन्तर-जिल्ला अध्ययन भ्रमण समुह द्वारा बिभिन्न कृषि फार्म र कृषि ब्यवसायको अवलोकन*

## ९ औं PMC बैठकले स्थानीय सरकारहरूलाई समतामुलक पानी वितरण कार्यमा समेत संलग्न हुन सुझाव दियो।

तराई सिचित कृषि प्रवर्द्धन लागि प्राविधिक सहयोग परियोजना (TCP- PIAT) को नवौं आयोजना अनुगमन समिति बैठक मंगसिर १९, २०८०(डिसेम्बर ५, २०२३) मा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ बिभाग, सिँचाइ व्यवस्थापन महाशाखाका उप-महानिर्देशक (TCP-PIAT का आयोजना निर्देशक) श्री टिकाराम बरालको अध्यक्षतामा सम्पन्न भएको थियो । यो बैठकमा आयोजना प्रबन्धक, कोशी प्रदेश सरकारका साथै स्थानीय तहका अन्य समकक्षीहरुको समेत सहभागिता थियो ।

उक्त बैठकका मुख्य निर्णयहरू निम्न थिए: (१) पानी वितरण योजना र सिंचाइ संरचना मर्मत सम्बन्धि परियोजना तर्जुमा लक्ष्य (PDM ) परिमार्जन गर्न आगामी संयुक्त समन्वय समिति (JCC) समक्ष्य सिफारिस गर्ने र (२) स्थानीय निकायको कृषि शाखाहरूलाई बिस्तारित साइटका कार्य योजनाहरू जल उपभोक्ता संस्था संग सहकार्यमा समीक्षा र परिमार्जन गर्न तथा बजारमुखी कृषि प्रवर्द्धनका क्रियाकलापहरूको अतिरिक्त नहर पैदल सर्वेक्षण, खेतमा पानी व्यवस्थापन, फिल्ड च्यानल निर्माण र पानी वितरण योजना कार्यन्वयनमा समेत संलग्न हुने ।

## जाईका मिसन द्वारा TCP-PIAT को गतिविधिको प्रशंसा



जाईका मुख्यालय, टोकियोको निर्देशक श्री यासुयुकी सातो र सुश्री शिरोइशी केइको, आर्थिक विकास विभाग, तथा जाईका नेपालका परियोजना तर्जुमा सल्लाहकार श्री मुनेयुकी कोजु र सह-कार्यक्रम प्रबन्धक श्री नमराज अधिकारी सम्मिलित जाईका मिशन टिमले ६ मार्ग २०८० मा TCP-PIAT परियोजनाका साइटहरूको स्थलगत भ्रमण गरेको थियो ।TCP-PIAT को सिंचित कृषि सम्बन्धी गतिविधिहरु अवलोकन र जल उपभोक्ता संस्थाका सदस्यहरू र कृषकहरूसँग अन्तरक्रिया पश्चात मिशनले परियोजनाको पहल र परिणामहरूको प्रशंसा गऱ्यो। दुई अगुवा कृषकहरू, शिवसताक्षी-५ का श्री दिपक साह र शिवसताक्षी-९ का श्री डिल्लीप्रसाद पौडेलले व्यवसायिक तरकारी खेती सम्बन्धी आफ्नो अनुभव विशिष्ट अतिथिहरूसँग साझा गर्नु भएको थियो। यो टिमले हालै जापानमा जाईकाले आयोजना गरेको वैदेशिक तालिममा सहभागी भएका कन्काई सिंचाई प्रणाली क्षेत्रका सहभागीहरु संग वहाहरुको गतिविधिबारे समेत जानकारी लिएको थियो ।

## चार स्थानीय सरकारहरूद्वारा बिस्तारित साइटहरूको लागि कार्य योजना पेश

स्थानीय सरकारहरूबाट परियोजनाका लागि मनोनित चार जना फोकल अधिकारीहरूहरुले २०८० मार्ग १९ मा सम्पन्न नवौं PMC बैठकमा बिस्तारित साइटहरूको मस्यौदा कार्य योजना प्रस्तुत गर्नुभएको थियो । यसअघि ज.उ.स. सँगको समन्वयमा शिवसताक्षी नगरपालिकाले शाखा नहर-१०(प्रशाखा-१,२,३ र उपशाखा TB-८); गौरादह नगरपालिकाले शाखा नहर- १५ (TE-२३); कमल गाउँपालिकाले शाखा नहर-१४ B (प्रशाखा ४,५,६) र गौरीगञ्ज गाउँपालिकाले शाखा नहर-८(प्रशाखा ५ र ६) छनौट गरेका थिए। बिस्तारित साइटको समग्र उद्देश्य सम्बन्धित पालिकाहरूको नेतृत्वमा खेतमा पानी व्यवस्थापनको विकास र बजारमुखी कृषि प्रणाली मार्फत ब्यबसायिक कृषि प्रबर्द्धन पद्धति सञ्चालन र विस्तार गर्नु हो।

## व्यवसायिक कृषिबाट लाभान्वित हुन बजार सर्वेक्षण पूर्वशर्त : कृषक श्री लक्ष्मीकान्त आचार्य, गौरादह–९



*गौरादह नगरपालिका-९ का युवा कृषक आचार्य आफ्नो स्क्वास र सिमि लगाएको जग्गामा प्रफुल्ल मुद्रामा*

गौरादह ९ स्थित मोडेल शाखा नहर २० का युवा कृषक श्री लक्ष्मीकान्त आचार्य एक व्यावसायिक कृषक हुनुहुन्छ। परियोजनाले संचालन गरेको ब्यबसायिक कृषि प्रबर्द्धनको अभिमुखीकरण कार्यक्रममा सहभागी भएर श्री आचार्यले करिब १२ कट्ठा (०.४१ हेक्टर) जमिनमा स्क्वास, सिमी र केराउ खेती गर्नुभएको छ । दमक कृषि बजारका एक व्यापारी र वहाँ विच कृषि उपज खरिद सम्झौता भएबाट यो सिजनमा वहाँले कम्तिमा चार लाख नेपाली रुपैयाँ आम्दानी हुने आशा गर्नुभएको छ।वहाले यो उपलब्धिको श्रेय परियोजनाले प्रवर्द्धन गरेको ब्यबसायिक कृषि बिधि (CAP approach) लाई दिनुहुन्छ।परियोजनाको CAP अभिमुखीकरण कार्यक्रममा सहभागी हुनु अगाडी वहाँ छिमेकी वा जेष्ठ व्यक्तीहरूको सल्लाह अनुसार तरकारी खेति गर्नुहुन्थ्यो तर बजार सर्वेक्षण जस्ता कार्य कहिल्यै गर्नु हुँदैन थियो। अहिले वहा भन्नु हुन्छ 'बजार सर्वेक्षणको महत्त्वप्रति म पूर्ण विश्वस्त छु" ।वहा अझै थप्नु हुन्छ "म मेरा सबै सहकर्मीहरूलाई प्रथमतः बजार सर्वेक्षण गर्न, व्यापारीहरूसँग अन्तरक्रिया गर्न र त्यसपछि मात्र कुन बाली लगाउने भनेर निर्णय गर्न जोडदार सल्लाह दिन्छु।" उहा भन्नुहुन्छ , 'सफल व्यावसायिक खेतीका लागि बजार सर्वेक्षण पूर्व शर्त हो ।"

## निर्वाहमुखी कृषिलाई व्यावसायिक कृषिमा रूपान्तरण गर्न परियोजनाले प्रवर्द्धन गरेको CAP पद्धतिको इमान्दारीपूर्वक लागू गरेमा सम्भव तथा सरल देखिन्छः भीमा राई, प्रा.स.,गौरीगञ्ज गाउँपालिका



*श्री भीमा राई माटो परिक्षणका लागि नमुना लिने तरिकाबारे तालिममा गौरीगंज गाउपालिकाका कृषकहरुलाई सहजीकरण गर्दै*

श्री भीमा राई २०७५ श्रावण देखि गौरीगञ्ज गाउँपालिकाको कृषि विकास शाखामा प्राविधिक सहायक (जे.टी.)को रूपमा कार्यरत हुनुहुन्छ। उहाँसँग कृषि प्रसार क्षेत्रमा काम गरेको १४ वर्षको लामो अनुभव छ।कार्यालयको दैनिक प्रशासनिक कामदेखि कृषकहरुलाई प्राविधिक सेवा सल्लाह दिने जस्ता काम वहाको जिम्मेवारी भित्र पर्दछ ।श्री राईका अनुसार उहाको शाखाले कृषकहरूलाई कृषि उत्पादन बढाउन तालिम र अनुदान उपलब्ध गराउँछ। वहा भन्नुहुन्छ, " तर यस्ता क्रियाकलापहरूमा बजारका पात्र तथा तत्वहरू लाई बिरलै ध्यान दिईएको हुन्छ ।"

वहा भन्नु हुन्छ "TCP-PIAT विज्ञहरूसँग काम करिब तीन वर्षको सहकार्य पश्चात मेरो सेवा प्रवाह विधिमा धेरै परिवर्तन आएको छ ।" "मेरो ध्यान अव न त कृषकहरूमा मात्र केन्द्रित छ न त बजारमा मात्र केन्द्रित छ । "व्यावसायिक कृषिबारे कृषकहरुको चेतना बढाउनु जरुरी छ तर यो मात्र पर्याप्त छैन भन्दै वहाँ जोड दिनु हुन्छ कि कृषकहरुलाई बजार सर्वेक्षण गर्न, सफल कृषकहरु संग छलफल तथा अन्तरक्रिया गर्न एबं बजारको आवश्यकता तथा मागहरू जानकारी लिने अवसरहरू उपलब्ध गराउनु पनि त्यतिकै जरुरी छ।यदि "कृषकहरूले बजार सर्वेक्षण गर्ने, त्यस अनुसार आफ्नो लक्ष निर्धारण गरि व्यवसायिक योजना तर्जुमा गर्ने बानी बसाले व्यावसायिक कृषि प्रवर्द्धन गर्न सरल र सोझो हुन्छ । गौरिगंज गाउँ पालिका तथा परियोजनाको सहकार्यमा CAP पद्धति प्रदर्शन गरेको गौरिगंज-१ भ्रमण गर्न वहाँ सल्लाह दिनु हुन्छ ।

## २०८० श्रावण र भाद्र महिनामा स्थानीय पालिका प्रमुखहरु, जल उपभोक्ता संस्थाका सदस्यहरु, वरिष्ठ सरकारी अधिकारीहरू र कर्मचारीहरूद्वारा बैदेशिक तालिमको सन्दर्भमा जापानको भ्रमण

जाईकाले परियोजनाका समकक्षीहरुलाई जापानमा आयोजना गरेको कृषि तथा सिँचाइ बैदेशिक तालिम दुई चरणमा सम्पन्न भयो ।२०८० श्रावण ६ देखि २१ (२०२३ जुलाई २२ देखि अगष्ट ६ )सम्म सञ्चालन भएको पहिलो चरणमा १८ प्रशिक्षार्थी थिए , जसमा कन्काई नहर जल उपभोक्ता संस्थाका १२ सदस्य , शिवसताक्षी, गौरादह, कमल र गौरीगञ्ज नगरपालिकाका कृषि प्रसार कर्मचारी ४ जना, कन्काई सिँचाइ व्यवस्थापन कार्यालयका एकजना कर्मचारी र कृषि ज्ञान केन्द्र झापाका एकजना कर्मचारी समावेश थिए ।त्यसै गरी २०८० भाद्र ३ देखि भाद्र ९ सम्म २०२३ भदौ ( अगष्ट २० देखि २६ अगष्ट, २०२३) सम्म सञ्चालन भएको तालिमको दोस्रो चरणमा कन्काई सिंचाइ प्रणाली क्षेत्र (शिवसताक्षी, गौरादह, कमल र गौरीगञ्ज) का स्थानीय सरकारका प्रमुखहरू ४ जना, कन्काई सिँचाइ व्यवस्थापन कार्यालयबाट १ जना, , कोशी प्रदेश र संघीय सरकार (ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय) र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका कृषि तथा सिँचाइ क्षेत्रका वरिष्ठ अधिकारीहरू समेत गरी जम्मा १२ जनाको सहभागिता रहेको थियो ।

तालिम कार्यक्रममा जापानका कृषि तथा सिँचाइ आयोजनाहरू, बजार-मुखी कृषि अभ्यासहरू र जापानी कृषि तथा सिँचाइ सम्बन्धि सरकारी निकायहरू बीचको आन्तरिक समन्वय प्रणालीको सिंहावलोकन आदि बिषयहरु समाबेस थियो । तालिम अवधिमा सहभागीहरुले आ-आफ्नो क्षेत्रका लागि कार्य योजना बनाएका थिए । वैदेशिक तालिम पछि, एक अनुभव आदान-प्रदान कार्यक्रम सम्पन्न भयो, जहाँ सहभागीहरूले नेपालको स्थानीय परिवेशमा तालिममा आफुले सिकेका कुराहरुलाई सकेसम्म लागू गर्ने प्रतिबद्धता व्यक्त गरे।




*ज.उ.स (ओइगावा भूमि सुधार जिल्ला) का एक सदस्यले आफ्नो कृषि गतिविधि (मनसुन धान र हिउदे बालि) र पालिका र ज.उ.स. को कोष द्वारा फिल्ड च्यानल मर्मतसम्भार बारे प्रस्तुति दिदै ।*



*जापानी कृषि सहकारी (जेए यासातो) का एक युवा किसान आफ्नो प्राङ्गारिक खेती (हरियो प्याज, भन्टा र काक्रा) र बजार सुचनाको उपयोग गरी गरेको नाफा बारे व्याख्या गर्दै ।*

## कन्काई सिंचाइ प्रणालीका सबै शाखाहरु मध्ये सबै भन्दा बढी सिंचाइ सेवा शुल्क संकलन गर्न सफल शाखा नहर १३ का अध्यक्ष श्री ईन्द्र बहादुर थापालाई TCP-PIAT बाट धन्यवाद व्यक्त



लगभग ८० बर्ष उमेरका ईन्द्रबहादुर थापा २०८० फागुण महिनामा भएको कन्काई नहर जल उपभोक्ता संस्थाको पछिल्लो निर्वाचनबाट शाखा नहर १३ को अध्यक्षमा पुनः निर्वाचित हुनुभयो । आफ्नो बुढेसकालको बाबजुद पनि उहाँ धेरै सक्रिय देखिनुहुन्छ र आफ्नो शाखाको अवस्था सुधार गर्न दिन र रात कडा मेहनत गरिरहनु भएको छ। ।यहि समर्पणका कारणले नै जल उपभोक्ताहरुले वहालाई अर्को चार वर्षको कार्यकालको लागि पुनः अध्यक्ष पदमा निर्वाचित गर्यो। श्री थापाले सिँचाइ सेवा शुल्क (ISF) ज.उ.स.को एक मात्र आम्दानीको स्रोत हो भनी राम्ररी बुझ्नुभएको छ । सिँचाइ नहरको नियमित सरसफाई, मर्मत र सम्भारका लागि मात्र नभई कन्काई सिंचाइ व्यवस्थापन कार्यालय मार्फत सरकारबाट आवश्यक प्राविधिक तथा आर्थिक सहयोग प्राप्त गर्नका लागि पनि समयमै सि.से.शुल्क सङ्कलन गर्नु आवस्यक रहेको कुरामा वहा बिश्वस्त हुनुहुन्छ । उहाँको कडा परिश्रम, इमानदारीता , नियमित अनुगमन र जल उपभोक्ताहरुलाई उत्साहित गराएर उहाँको शाखा नहर १३ गत आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी सि.से.शुल्क रु. २१३९७६.०० संकलन गरी कुल संकलित रकम रु ९०८३१२.०० रकमको झन्डै २४% सि.से.शुल्क संकलन गरी सब भन्दा बढी सि.से.शुल्क संकलन गर्ने शाखा नहर हुन सफल भयो यसको लागि वहा धन्यबादको पात्र हुनुभएको छ ।अघिल्लो आ.व. २०७८/७९ मा पनि शाखा नहर समिति १३ ले कुल रु ३१८०६४.०० सि.से.शुल्क संकलन गरी कुल संकलन रकम रु ११९८८७०.०० को २६.५% सि.से.शुल्क संकलन गरी सबै भन्दा बढी सि.से.शुल्क संकलन गर्ने शाखा भएको थियो । जाईका प्रोजेक्ट टोली श्री थापालाई शाखा समिति १३ को अध्यक्ष पदमा पुनः निर्वाचित भएकोमा बधाई दिन्छ र भविष्यमा पनि वहाबाट थप सकारात्मक कदमहरुको अपेक्षा गर्दछ।

## तस्विरमा TCP-PIAT का गतिविधिहरु



जाईका मिसन टोली  द्वारा फिल्ड भ्रमणका दौरान शिवासताक्षी-५ का व्यबसायिक कृषकहरु संग अन्तरक्रिया



शिवसताक्षी-५का एक महिला कृषक हाते सिड प्लान्टर, एक उपयुक्त प्रविधिको माध्यम द्वारा केराउ रोप्दै



 शाखा नहर समिति-१ का सदस्यहरु नहर मर्मत तथा सम्भार योजना तयार गर्न छलफलमा व्यस्त



समतामुलक पानी वितरण सुनिस्चित गर्न पार्शल फ्लुममा पानीको सतहको उचाई नाप्न फाइबर स्टाफ गेज जडान गरिदै



जल स्रोत बिभागका उप-महानिर्देशक श्री टिकाराम बरालको अध्यक्षतामा मार्ग १९, २०८० मा बसेको परियोजना अनुगमन समितिको ९ औ बैठकको दृश्य



क.सि.व्य.का.का प्रमुखको अध्यक्षतामा गौरीगंज गाउपालिकाको सभा हलमा भाद्र २५, २०८०  मा बसेको परियोजना कार्य टोलीको १७औ बैठकको दृश्य



गौरादह ९ स्थित शाखा नहर १७ मा पानी वितरण योजना र पानी वितरण समिति निर्माण सम्बन्धि गोष्ठीको दृश्य



 सिंचाई संरचनाहरुको सुची खाता तयार गर्न पैदल सर्वेक्षण कार्य/तालिममा भाग लिदै शाखा नः १६ का सदस्यहरु